# सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हे.क्वा.ससरी, गोरगामा

**पुराना जिन्सी मालसामानहरुको लिलाममें बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति २०७८।१२।०२ गते।**

सशस्त्र प्रहरी बल, नेपाल नं.६ गण हे.क्वा ससरीमा रहेका तपसिल बमोजिमको विभिन्न पुराना जिन्सी मालसामानहरु लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**निम्नः-**

| सि.नं. | पुराना जिन्सी सामानहरुको विवरण | न्युन्तम मुल्य रु मु.अ.कर बाहेक | बोलपत्र फारम दस्तुर | कै. |
|---|---|---|---|---|
| १. | प्रयोगमा ल्याईसकेका पुराना टि.भि., कम्प्युटर, फ्याक्स मेशिन, जेनेरेटर, ब्याट्री हेल्मेट र लाठ्ठी लगायतका विभिन्न जिन्सी सामानहरु । | २,३७,६१९।- (अक्षरुपि रु. दुई लाख सैतीस हजार छ सय उन्नाईस रुपैया मात्र) । | १,०००।- (अक्षेरुपि रु. एक हजार मात्र) । | |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं.६ गण हे.क्वा.ससरीबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन (मिति २०७८/१२/०८ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी ) नगदै बुझाई प्राप्त गर्न सकिने छ। बोलपत्र फारम ८ (आठ) औं दिनको दिन (मिति २०७८।१२।०९ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल नेपाल नं.६ गण हे.क्वा. ससरीमा दर्ता गराई सक्नु पर्नेछ। दाखिला भएका बोलपत्र फारमहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिने छ। बोलपत्र फारम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ। बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १०% (प्रतिशत) ले हुन आउने नगदै रकममा नघटाई सशस्त्र प्रहरी बल नेपाल नं.६ गण हे.क्वा. ससरीको कार्यालय कोड नं.३१४०५१५०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय ससरीको एकल खाता राष्ट्रिय वाणिज्य बैंक ससरीको धरौटी खाता नं.२१८०१००१०२०३०००० मा नगदै दाखिला गरी सक्कलै बैक भौचर वा उक्त रकम बराबरको ९० दिनको मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गको बैङ्कहरुबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैक ग्यारेन्टी) बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतको जानकारी पाएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३% समेत थपगरी जम्मा हुन आउने रकम पुन दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ। बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत वापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानुन बमोजिम कार्वाही गर्नेछ। लिलाममा भाग लिन चाहाने ब्यक्तिले नेपाली नागरिकताको प्रतिलिपी र ईच्छुक फर्म, संस्था, कम्पनिले ईजाज्त प्रमाण पत्रको प्रतिलिपी र आ.ब.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस गणमा आई हेर्न र बुझ्न सकिनेछ। वा यस कार्यालयको फोन नं.९८५१२७२१२९ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिने छ। यस सम्बन्धि सूचना सशस्त्र प्रहरी बल नेपालको Web Site:-www.apf.gov.np मा समेत राखिएको छ।

प्रदिप ...का
... प्रहरी उपरीक्षक

नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गण हे.क्वा.सप्तरी

लिलाम बिक्री गरिने पुराना जिन्सी मालसामानहरुको विवरणः-

निम्नः-

| सि.नं. | जिन्सी सामानको बिवरण | परिमाण | ईकाई | कैफियत |
|---|---|---|---|---|
| २३. | कलर टि.भि (विभिन्न प्रकारका) | ७ | थान | |
| २४. | डि.भि.डि. | १ | थान | |
| २५. | फ्याक्स मेशिन | १ | थान | |
| २६. | प्रिन्टर (विभिन्न प्रकारका) | ३ | थान | |
| २७. | कम्प्युटर / सि.पि.यू. (विभिन्न प्रकारका) | ३ | सेट | |
| २८. | यू.पि.एस (विभिन्न प्रकारका) | ५ | थान | |
| २९. | फोटो कपि मेशिन (विभिन्न प्रकारका) | २ | थान | |
| ३०. | भिडियो ह्याण्डी क्यामेरा | १ | थान | |
| ३१. | मेघाफोन | ७ | थान | |
| ३२. | मोवाईल (विभिन्न प्रकारका) | ६ | थान | |
| ३३. | जेनेरेटर | ४ | थान | |
| ३४. | फेन | ८ | थान | |
| ३५. | १२ भोल्ट १००/११५/१२० एम्पियरको ब्याट्री | ५४ | थान | |
| ३६. | रिचार्जिङ्ग लाईट | १ | थान | |
| ३७. | गिजर | १ | थान | |
| ३८. | युरोगार्ड | २ | थान | |
| ३९. | प्लाष्टिक लाठ्ठी | २२ | थान | |
| ४०. | पारदर्शी ढाला | ४७ | थान | |
| ४१. | प्लाष्टिक हेल्मेट | ६५ | थान | |
| ४२. | फलामे हेल्मेट | ९ | थान | |
| ४३. | बुलेट प्रुफ ज्याकेट | १६ | थान | |
| ४४. | बिगुल | १ | थान | |

प्रदिप खड्का
सशस्त्र प्रहरी उपरीक्षक
गणपति